जि.प्र.का. सप्तरी द.नं. २१/०४८/०४९, स.जि.हु.का.द.नं. ६/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ३४ २०८३ साल भदौ १० गते बुधबार (26 Aug 2026 Wednesday) मूल्य रु. ५/-

**बाल अधिकारको संरक्षण**

**बचावटको अधिकार :**
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु।
**विकासको अधिकार :**
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर।
**संरक्षणको अधिकार :**
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा।
**सहभागिताको अधिकार :**
आफ्नो हितका निर्णयमा बोल्न पाउनु।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : युवाको उत्साह, अनुभव र.. ३ पृष्ठमा : सञ्चारमाध्यमले नागरिकको अधिकार ... ३ पृष्ठमा :तीन पत्रकारलाई ...

# वर्तमान सरकार समस्याहरुप्रति गम्भीर छैन : पूर्वमन्त्री यादव




**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

नेपाली कम्युनिष्ट पार्टीका मधेस प्रदेश इन्चार्ज महेन्द्र राय यादवले किसान, दलित, मधेसी, आदिवासी जनजाति, थारु तथा मुस्लिम समुदायका समस्याप्रति सरकार गम्भीर नरहेको बताएका छन्।

नेपाली कम्युनिष्ट पार्टी सप्तरीको जिल्ला पार्टी एकता तथा समायोजनसँगै आयोजित एकदिने प्रशिक्षण कार्यक्रमलाई सोमबार राजविराजमा सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

पूर्वमन्त्री समेत रहेका इन्चार्ज यादवले रास्वपाको नेतृत्वको सरकारले मनोमानी ढंगले काम गरिरहेको आरोप लगाउँदै किसानहरू मलखादको अभावका कारण समस्यामा पर्दासमेत सरकारले समस्या समाधानका लागि प्रभावकारी पहल नगरेको बताए।

नेपाली कम्युनिष्ट पार्टी सदैव दलित, आदिवासी जनजाति, थारु, मुस्लिम तथा अन्य उत्पीडित समुदायको अधिकारका लागि प्रतिबद्ध रहेको उनको भनाइ थियो।

उनले मधेसी जनताले लामो संघर्षपछि केही अधिकार प्राप्त गरे पनि अझै पूर्ण न्याय प्राप्त गर्न नसकेको उल्लेख गर्दै अधिकारसँगै न्यायका लागि संघर्षलाई निरन्तरता दिनुपर्नेमा जोड दिए।

आयोजित कार्यक्रममा नेपाली कम्युनिष्ट पार्टीका मधेस प्रदेश संयोजक राजु खडकाले मधेसी जनताले पार्टी निर्माण र राजनीतिक आन्दोलनमा पुऱ्याएको योगदानको प्रशंसा गरे। उनले आगामी दिनमा पार्टीलाई थप सुदृढ, संगठित र जनमुखी बनाउन नेता तथा कार्यकर्ता एकजुट भएर अघि बढ्नुपर्ने बताए।

पार्टीका मधेस प्रदेश सहसंयोजक छत्रबहादुर श्रेष्ठले पार्टी विस्तारका लागि आपसी एकता कायम राख्दै जिल्ला, गाउँ र वडा तहसम्म संगठन विस्तार गर्न नेता तथा कार्यकर्तालाई निर्देशन दिए।

नेपाली कम्युनिष्ट पार्टी सप्तरीका जिल्ला संयोजक प्रताप नारायण चौधरीको अध्यक्षता आयोजित कार्यक्रममा पार्टीका मधेस प्रदेश सहइन्चार्ज श्रीप्रसाद साह, सप्तरी जिल्ला इन्चार्ज सूर्यनाथ यादव, केन्द्रीय सदस्य तथा सहइन्चार्ज उषा पोखरेल लगायतले पार्टी संगठन सुदृढीकरण, एकता र आगामी राजनीतिक कार्यदिशाका विषयमा आ-आफ्ना धारणा राखेका थिए।

# आज नेपाली मुस्लिम धर्मावलम्बीहरूका लागि बिदा

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

मधेश प्रदेश सरकारले मोहम्मद जयन्तीको अवसरमा बुधबार नेपाली मुस्लिम धर्मावलम्बीहरूका लागि बिदा दिने निर्णय गरेको छ।

मधेश प्रदेश सरकार गृह, सञ्चार तथा कानुन मन्त्रालयका प्रवक्ता राधेशंकर प्रसाद पालद्वारा मंगलबार जारि विज्ञप्तिमा सो कुरा उल्लेख गरिएको छ।

जारि विज्ञप्तिमा २०८२/११/१८ गतेको नेपाल राजपत्रमा प्रकाशित सूचना अनुसार बिदा दिने व्यवस्था भए बमोजिम उक्त बिदा दिने निर्णय गरिएको जनाइएको छ।

यस्तै संघीय सरकारले पनि सो दिवसको अवसरमा बुधबार नेपाली मुस्लिम धर्मावलम्बीहरूका लागि बिदा दिने निर्णय गरेको छ।

यसअघि प्रदेश सरकारले गत वर्ष सो दिवसको अवसरमा सार्वजनिक बिदा दिँदै आएको थियो।

# खोला किनारमा महिलाको शव फेला

**दैनिक समाचारदाता**
**सिरहा, ९ भदौ ।**

सिरहाको गोलबजार नगरपालिका ३ स्थित गागन खोला किनारमा मंगलबार बिहान एक महिलाको शव फेला परेको छ।

मंगलबार स्थानीयवासीले भैंसी चराउने क्रममा खोलाको किनारमा घोप्टो परेको अवस्थामा शव देखेपछि प्रहरीलाई खबर गरेका थिए।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय गोलबजारको टोली घटनास्थल पुगेर अनुसन्धान सुरु गरेको छ। घटनास्थलको मुचुल्का तयार गरी शव पोस्टमार्टमका लागि लहानस्थित रामकुमार उमाप्रसाद प्रादेशिक अस्पताल पठाएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

करिब ५० वर्ष उमेर रहेको उक्त महिलाको हालसम्म पहिचान खुल्न सकेको छैन। महिलाको मृत्युको कारणबारे पनि तत्काल यकिन हुन नसकेको प्रहरीले जनाएको छ।

शवको पोस्टमार्टम रिपोर्ट र थप अनुसन्धानपछि मात्र घटनाको वास्तविक कारण खुल्ने प्रहरीको भनाइ छ।

# एघार वर्षिया बालिका बेपत्ता

**दैनिक समाचारदाता**
**बारा, ९ भदौ ।**

बाराको जीतपुर सिमराबाट एक जना बालिका बेपत्ता भएकी छन्। जीतपुर सिमरा उपमहानगरपालिका वडा नं. ६ निवासी ११ वर्षिया सनाया खातुन बेपत्ता भएकी हुन्।

इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायव उपरीक्षक दयाकृष्णा भट्टले मंगलबार खातुन बेपत्ता भएको निवेदन परेको जानकारी दिएका छन्।

सनायाकी आमा गुलाप्सा खातुनले बेपत्ता बारे प्रहरीमा जानकारी गराएकी हुन्। जानकारी आए लगत्तै प्रहरी बालिकाको खोजीकार्यमा लागि परेको जनाएको छ।

# जसपा नेपालले तीन सांसदलाई पुनः स्पष्टीकरण सोध्यो

**दैनिक समाचारदाता**
**राजविराज, ९ भदौ ।**

जनता समाजवादी पार्टी नेपालले लुम्बिनी प्रदेश सभाका आफ्ना तीन सांसदलाई पुनः स्पष्टीकरण सोधेको छ।

पार्टी महासचिव डा सुरेन्द्रकुमार झाले सांसदहरू सन्तोषकुमार पाण्डेय, हेमा वेल्वासे (केसी) र भण्डारीलाल अहिरलाई पुनः स्पष्टीकरण पेस गर्न भनेका हुन्।

अहिलेको लुम्बिनी प्रदेश सरकारलाई समर्थन नगर्ने पार्टीको निर्णयविपरीत सरकारको पक्षमा मतदान गरी अनुशासन उल्लंघन गरेकोले सात दिनभित्र स्पष्टीकरण पेस गर्न पत्रमार्फत भनिएको छ।

यसअघि प्राप्त स्पष्टीकरण अध्ययन गर्दा पार्टीको नीति, निर्णय तथा निर्देशनको भावनासँग मेल नखाने तथा उठाइएका प्रश्नहरूको चित्तबुझ्दो र सन्तोषजनक जवाफ प्राप्त नभएको जसपाको ठहर छ।

जसपाले सांसदहरूलाई ३ वटा प्रश्नको जवाफ स्पष्टीकरण पत्रमा दिन भनेको छ।

# महिला प्रहरीमाथि हातपात गर्ने युवक नियन्त्रणमा

काठमाडौं, ९ भदौ (रासस)।

काठमाडौंको बानेश्वरमा ड्युटीमा खटिएकी महिला प्रहरीमाथि हातपात गरेको आरोपमा प्रहरीले एक युवकलाई नियन्त्रणमा लिएको छ।

पक्राउ पर्नेमा जुम्लाको तातोपानी गाउँपालिका-२ घर भई हाल काठमाडौं महानगरपालिका-१० बानेश्वर बस्दै आएका २७ वर्षीय राज कठायत रहेका छन्।

*बाँकी अन्तिम पृष्ठमा*

## बाढी र डुबान हुनुपूर्वको तयारी

- नदीमा बढेको पानी, ड्याम र तटबन्धको अवस्थाको जानकारी लिऔं,
- घरबाट नजिक रहेको सबैभन्दा अग्लो ठाउँ, चौर र सार्वजनिक भवनबारे थाहा पाइराखौं,
- आपतकालिन अवस्थाका लागि खाद्यान्न तथा औषधीजन्य सामाग्री घरको अग्लो ठाउँमा राखौं,
- गाउँ, टोल, वडामा रबरका डुङ्गा, लाईफ ज्याकेट, डोरी, बाँस र प्राथमिक उपचारका सामाग्री तयारी अवस्थामा राखौं,
- बर्षायाममा सधैं मोबाईलमा पर्याप्त ब्यालेन्स र ब्याट्री राखौं,
- बर्षा र बाढीको अवस्थाबारे टोल फ्रि नम्बर ११५५ वा सञ्चार माध्यमबाट जानकारी लिने गरौं,
- प्रहरी, सुरक्षा निकाय र एम्बुलेन्सको नम्बर राखौं, तत्काल सहायता चाहिएमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### बानी सुधार गर्नेतर्फ सबै अग्रसर हुनुपर्छ

सन् २०१६ मै सप्तरी जिल्लालाई खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिसकिएको छ । तत्कालिन एउटा नगरपालिका र १ सय १४ वटै गाविसमा चर्पी निर्माण गरिसकिएपछि खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिएको सरकारी तथ्याङ्कले देखाउछ । तर उक्त कार्यको पूर्ण रुपमा कार्यान्वयन हुन नसक्दा अहिले पनि खुल्ला स्थानमै शौच गर्ने गरिन्छ । यति मात्र नभएर मुख्य सडक छेउमै शौच गर्ने गरिएको दृश्य देख्न सकिन्छ । लाजै नमानी खुल्ला स्थानमै शौच गर्ने गरिन्छ ।

त्यसबेला सरकारी बाध्यताका कारण खुल्ला दिसा मुक्त घोषणा गरिएको थियो । पछि बाध्यता शुन्य भएपछि पुनः मानिसहरु खुल्ला स्थानमै शौच गरिरहेको देखिन्छ । कुनै लाज र कुनै संकोच बेगरै उनीहरु खुल्ला स्थानमा शौच र पिसाब गर्ने बानी नै बसाली सकेका छन् । यस्ता कार्यप्रति कुनै निकायको चासो देखिदैन । राजविराजका सडकहरु शौचालयमा परिणत भइरहेको छ, नगरपालिका अगाडी नै शौच र पिसाब गर्ने गरिन्छ तर, पनि पालिका मुकदर्शक बनेको छ ।

यस्ता कार्यलाई निरुत्साहित गर्न सम्बन्धित पालिकाले निगरानी बढाउनु जरुरी छ भने मानिसहरु पनि त्यस्ता घृणित कार्यलाई सुधार्नु पर्ने आवश्यकता रहेको छ । यसका लागि स्थानिय तहले स्वच्छता अभियान संचालन गरेर अगाडी बढ्नु पर्ने अवस्था आएको छ । तसर्थ विभिन्न खुल्ला, सार्वजनिक स्थान तथा एकान्त कुनामा शौच गर्ने बानी सुधार गर्नेतर्फ सबै अग्रसर हुनु आवश्यक छ ।


**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


# युवाको उत्साह, अनुभव र विधिको शासन

**श्यामप्रसाद मैनाली**
काठमाडौँ, ९ भदौ (रासस) ।

नेपालको वर्तमान राजनीतिक परिवेशमा एउटा असाधारण आशा जन्मिएको छ । लामो समयदेखि परम्परागत राजनीतिक शक्तिको शासन, अस्थिरता, भ्रष्टाचार, सुशासनको कमजोरी र राज्य संयन्त्रप्रतिको बढ्दो अविश्वासबाट निराश बनेका नेपाली नागरिकले परिवर्तनको खोजी गरेका थिए । यही असन्तुष्टिको पृष्ठभूमिमा युवाको नेतृत्वमा भएको आन्दोलनले पुरानो राजनीतिक समीकरणलाई विस्थापित गर्‍यो र नयाँ राजनीतिक शक्तिलाई अत्यन्त बलियो जनादेशसहित सरकार सञ्चालन गर्ने अवसर प्राप्त भयो ।

वर्तमान सरकारका प्रधानमन्त्री बालेन्द्र शाह स्वयं ३६ वर्षको उमेरमा नेपालको सबैभन्दा कम उमेरका प्रधानमन्त्री बन्नुभएको छ । २०८२ सालको निर्वाचनपछि करिब दुई तिहाई बहुमतको शक्ति प्राप्त गरेको छ । मन्त्रिपरिषद्को ठूलो हिस्सा पनि ४० वर्षभन्दा कम उमेरका व्यक्तिहरूको छ । यो परिवर्तन सामान्य राजनीतिक घटना होइन, नेपाली समाजले पुरानो राजनीतिक संस्कारप्रति दिएको गम्भीर सन्देश हो । त्यसैले वर्तमान सरकारप्रति नागरिकको अपेक्षा पनि सामान्य सरकारप्रतिको भन्दा धेरै ठूलो छ ।

प्रधानमन्त्रीमा देशका लागि केही गरौँ भन्ने हुटहुटी देखिन्छ । अधिकांश मन्त्री तथा सत्तारूढ राजनीतिक नेतृत्वमा पनि नयाँपन, ऊर्जा र परिवर्तनको आकांक्षा देखिन्छ । यसलाई सकारात्मक रूपमा लिनुपर्छ तर शासन केवल इच्छा, उत्साह र लोकप्रियताबाट सञ्चालन हुँदैन । लोकप्रिय केही सामान्य कारबाहीहरु गरेर देशको अवस्थाको परिवर्तन गर्न सकिन्न । शासन सञ्चालनका लागि अनुभव, संस्थागत स्मृति, कानुनी ज्ञान, प्रशासनिक क्षमता, राजनीतिक परिपक्वता र निर्णयको दूरगामी प्रभाव बुझ्ने क्षमता पनि आवश्यक हुन्छ ।

**अन्तरराष्ट्रिय अनुभव**

परिवर्तनको सबैभन्दा ठूलो ऊर्जा युवाबाटै आउँछ । संसारका धेरै मुलुकमा युवा उमेरमै राजनीतिक नेतृत्वमा पुगेका व्यक्तिहरूले महत्वपूर्ण परिवर्तन गरेका उदाहरण देख्न सकिन्छ । न्युजिल्यान्डकी जाकिन्दा आर्डेन ३७ वर्षको उमेरमा प्रधानमन्त्री बनिन् । उनले सङ्कटको समयमा सहानुभूति, संवाद र संस्थागत संयमलाई नेतृत्वको महत्वपूर्ण आधार बनाइन् । क्राइस्टचर्चमा भएको आतङ्कवादी हमलापछि उनको मानवीय प्रतिक्रिया विश्वभर उदाहरण बन्यो । उनी युवा थिइन् तर उनले विशेषज्ञता, प्रशासनिक संयन्त्र र संस्थागत प्रक्रियालाई नेतृत्वसँग जोडिन् ।

फ्रान्सका इमानुएल म्याक्रों ३९ वर्षको उमेरमा राष्ट्रपति बने । युवा उमेरले उनलाई नयाँ राजनीतिक दृष्टिकोण अघि सार्न सहयोग गर्‍यो तर फ्रान्सजस्तो जटिल राज्य सञ्चालन गर्न उनले अनुभवी प्रशासनिक तथा कूटनीतिक संयन्त्रलाई प्रयोग गरे । यसबाट सिक्नुपर्ने पहिलो पाठ हो-युवाले नेतृत्व गर्न सक्छन्, तर युवाहरु अनुभवको विकल्प बन्न सक्दैनन् । अनुभव भन्नाले उमेर मात्र होइन, विगतका सफल र असफल अभ्यासबाट सिक्ने क्षमता नै वास्तविक अनुभव हो । आफूभन्दा अगाडि काम गरेका व्यक्तिको ज्ञान ग्रहण गर्नु कमजोरी होइन, नेतृत्वको परिपक्वता हो ।

विश्व इतिहासमा आन्दोलन वा क्रान्तिबाट युवा उमेरमै सत्तामा पुगेका नेताहरू पनि छन् तर उनीहरूको अनुभव एकै प्रकारको छैन । बुर्किनाफासोका थोमस साङ्कारा यसको महत्वपूर्ण उदाहरण हुन् । उनी ३३ वर्षको उमेरमा सन् १९८३ मा क्रान्तिमार्फत सत्तामा पुगे । उनले देशको नाम नै परिवर्तन गरेर बुर्किनाफासो राखे । भ्रष्टाचार नियन्त्रण, शिक्षा, स्वास्थ्य, महिला सहभागिता तथा आत्मनिर्भरतालाई प्राथमिकता दिए । उनको शासनकाल छोटो भए पनि उनको राजनीतिक आदर्श आजसम्म प्रभावशाली छ । बुर्किनाफासोको राष्ट्रपतिको आधिकारिक विवरणले पनि ४ अगस्ट १९८३ देखि १५ अक्टोबर १९८७ सम्म उनको नेतृत्व र क्रान्तिकारी कार्यक्रमको उल्लेख गर्छ तर साङ्काराको अनुभवको अर्को पक्ष पनि उत्तिकै महत्वपूर्ण छ । क्रान्तिकारी उत्साह, व्यक्तिगत लोकप्रियता र परिवर्तनको तीव्र चाहनाले मात्र दीर्घकालीन रुपमा लोकतान्त्रिक संस्था निर्माण गर्न सक्दैन । सन् १९८७ मा आफ्नै सहकर्मी ब्लेज कम्पाओरेको नेतृत्वमा भएको 'कू' मा परी उनको अवसान भएको इतिहास छ ।

**दुई तिहाइको बहुमत अवसर हो**

नेपालमा वर्तमान सरकार आन्दोलनको राजनीतिक ऊर्जा र जनताको मतबाट बनेको हो । त्यसैले यसले क्रान्तिकारी आवेगलाई लोकतान्त्रिक संस्थागत रूपान्तरणमा बदल्नुपर्छ, क्रान्तिको नाममा संस्था कमजोर बनाउने दिशामा जानु हुँदैन । वर्तमान सरकारसँग एउटा असाधारण राजनीतिक शक्ति छ । झन्डै दुई तिहाइको जनादेश छ । यस्तो शक्ति धेरै सरकारलाई प्राप्त हुँदैन तर ठूलो बहुमतसँग ठूलो जिम्मेवारी पनि आउँछ । जनताले सरकारलाई अझ बढी जिम्मेवार भएर काम गर्ने अवसर दिएका हुन् ।

नेपालमा पुराना राजनीतिक नेतृत्वहरुप्रति नागरिकहरूको आक्रोश छ । भ्रष्टाचार, ढिलासुस्ती, राजनीतिक संरक्षण, दण्डहीनता र प्रशासनिक कमजोरी हटाउन कठोर कदम चाल्न आवश्यक छ, तर कठोर कदम विद्यमान कानुन, प्रक्रिया, विधिसम्मत हुनुपर्दछ । लोकतन्त्रमा सरकारले गलत काम गर्ने व्यक्तिमाथि कारबाही गर्नसक्छ तर कारबाहीको पनि विधि हुन्छ, प्रक्रिया हुन्छ, प्रमाण चाहिन्छ । सम्बन्धित व्यक्तिलाई आफ्नो कुरा राख्ने अवसर हुन्छ । निर्णयमाथि पुनरावलोकनको बाटो हुन्छ । न्यायिक परीक्षणको सम्भावना हुन्छ । यी प्रक्रिया जटिल देखिएता पनि लोकतन्त्रको सुन्दरता भनेकै यही हो । विधिको शासन व्यक्तिको हितका लागि होइन, सबैका लागि समान सुरक्षा सुनिश्चित गर्न आवश्यक हुन्छ ।

नेपालको प्रशासनिक संयन्त्रमा दशकौँ काम गरेका कर्मचारी, न्यायाधीश, कूटनीतिज्ञ, प्राध्यापक, अर्थशास्त्री, प्राविधिक र सुरक्षा अधिकारीहरू छन् । उनीहरूसँग सबै उत्तर नहुन सक्छन् तर राज्य सञ्चालनका अनेक अनुभव छन् । नयाँ सरकारले उनीहरूलाई पुरानो व्यवस्था बोकेका व्यक्ति भनेर मात्र हेर्नु हुँदैन । स्मरण रहोस्, यी गुणस्तरयुक्त अनुभवी व्यक्तित्वहरू सरकारका नजिक पुगेर आत्मप्रशंसा गर्न चाहँदैन, उनीहरू स्वाभिमानी हुन्छन् । सरकारले खोजी गर्न सक्नुपर्छ । पुरानो पुस्ताको कमजोरी र अनुभवबाट पनि नयाँ पुस्ताले सिक्नुपर्छ । युवाको ऊर्जा र अनुभवी पुस्ताको ज्ञानबीच सम्बन्ध स्थापित गर्नसके मात्र राज्यसंयन्त्र प्रभावकारी हुन्छ । युवाले दिशा दिन सक्छन्, अनुभवीले बाटोको जोखिम देखाउन सक्छन् । प्रविधिले गति दिन सक्छ, संस्थाले स्थायित्व दिन्छ । राजनीतिक इच्छाशक्तिले निर्णय गराउन सक्छ, प्रशासनिक क्षमताले त्यसलाई कार्यान्वयनमा लैजान्छ । यी सबै एकअर्काका परिपूरक हुन् ।

**सरकारका लागि केही सुझावहरू**

वर्तमान सरकार देशको अवस्था परिवर्तन गर्न जिम्मेवारीका साथ सत्तामा पुगेको छ । गल्ती गर्ने छुट वर्तमान सरकारलाई छैन । तसर्थ, केही विषयहरूलाई प्राथमिकतामा राखी शासन सञ्चालन गर्नु उपयुक्त हुन्छ । पहिलो हो, उत्साहलाई प्रणालीमा रूपान्तरण गर्नुपर्छ । प्रधानमन्त्रीको हुटहुटी सकारात्मक शक्ति हो तर प्रधानमन्त्रीको व्यक्तिगत ऊर्जा सम्पूर्ण राज्य संयन्त्रको कार्यक्षमतामा परिणत हुनुपर्छ । आफ्नो स्थायी संयन्त्रमाथि पूर्णविश्वास गर्नुपर्छ र त्यसलाई सक्षम बनाउनुपर्छ ।

दोस्रो हो, कानुनी प्रक्रिया र संस्थागत मर्यादा कहिल्यै नाघ्नु हुँदैन । भ्रष्टाचारविरुद्ध कठोरता आवश्यक छ तर कठोरता कानूनसम्मत हुनुपर्छ । सरकारले आफ्नो लोकप्रियता वा बहुमतको बलमा संवैधानिक संस्था, संसद्, न्यायपालिका, प्रशासन वा स्वतन्त्र नियामक निकायहरुलाई अझ बलियो बनाउनुपर्छ । तेस्रो हो, छोटो समयको लोकप्रियतालाई भन्दा दीर्घकालीन सुधार रोज्नुपर्छ । नयाँ सरकारसँग जनताको आशा धेरै हुँदा पनि सबै कुरा एकै वर्षमा परिवर्तन गर्न खोज्दा प्रशासनिक अव्यवस्था उत्पन्न हुनसक्छ । सय दिनमा देखिने परिणामभन्दा १० वर्षपछि पनि टिक्ने संस्थागत सुधार महत्वपूर्ण हुन्छ । सरकारले शिक्षा, स्वास्थ्य, रोजगारी, उद्योग, कृषि, पूर्वाधार, प्रशासनिक सुधार, भ्रष्टाचार नियन्त्रण र न्याय प्रणालीका क्षेत्रमा स्पष्ट प्राथमिकता निर्धारण गरेर चरणबद्ध रूपमा काम गर्नुपर्छ । चौथो हो, आलोचनालाई स्वागत गर्ने संस्कारको विकास हुनुपर्छ । लोकतन्त्रमा आलोचना सरकारको कमजोरी होइन, सरकारलाई सुधार्ने माध्यम हो । सञ्चारमाध्यम, विपक्षी दल, नागरिक समाज, प्राज्ञिक क्षेत्र र नागरिकले उठाएका प्रश्नलाई पुरानो सोच वा परिवर्तनविरोधीको संज्ञा दिँदै खारेज गर्नु हुँदैन । सरकारको सफलताका लागि विश्वसनीय आलोचना आवश्यक हुन्छ ।

**नयाँ नेतृत्वका लागि विश्वको सन्देश**

दक्षिण एसियाली मुलुकमा भएका 'जेन्जी' पुस्ताको आन्दोलनले एउटा नयाँ राजनीतिक युग सुरु गरेको देखिन्छ । नेपालमा २०८२ सालको जेन्जी आन्दोलनले तत्कालीन सरकार ढालेपछि २०८२ सालको निर्वाचनमा ठूलो राजनीतिक परिवर्तन भयो । बङ्गलादेश र श्रीलङ्कामा पनि युवा तथा जनआन्दोलनले स्थापित राजनीतिक शक्तिलाई चुनौती दिए तर 'च्याथम हाउस'ले हालै गरेको विश्लेषणमा यी नयाँ सरकारहरूले ठूलो जनादेश पाए पनि शासन सञ्चालनको जटिलता र अनुभवको कमीका कारण चुनौती सामना गरिरहेको उल्लेख छ । यसको अर्थ आन्दोलन जित्नु र राज्य चलाउनु फरक कुरा हो भन्ने पुष्टि हुन्छ । आन्दोलनले असन्तुष्टि व्यक्त गर्छ । शासनले समाधान दिनुपर्छ र नयाँ संस्था निर्माण गर्नुपर्छ । आन्दोलनमा नारा पर्याप्त हुनसक्छ । शासनमा नीति, बजेट, कानून, प्रशासन, कूटनीतिलाई जनता र देशका पक्षमा कार्यान्वयन गर्ने हुटहुटीसहितको विशेष क्षमता चाहिन्छ ।

अन्त्यमा, नेपालको वर्तमान सरकारसँग एउटा दुर्लभ अवसर छ । पुराना राजनीतिक शक्तिप्रतिको निराशा, युवाको ऊर्जा, जनताको परिवर्तनको चाहना र झन्डै दुई तिहाइको संसदीय शक्ति, अहिले यी चारवटै कुरा एउटै सरकारको हातमा आएको अवस्था छ । वर्तमान सरकारका लागि आजको सबैभन्दा महत्वपूर्ण अस्त्र भनेकै ऊर्जाले भरिएका शिक्षित युवाहरू शासनमा हुनु हो । उनीहरुले गरेको निर्णयहरु तथ्यमा आधारित होस् ।

*बाँकी अन्तिम पृष्ठमा*

# सञ्चारमाध्यमले नागरिकको अधिकार र सार्वजनिक हितलाई केन्द्रमा राख्नुपर्छ : सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाडौँ, ९ भदौ (रासस) ।
सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले प्रविधिको तीव्र विकाससँगै सञ्चार क्षेत्र रूपान्तरण भइरहे पनि अभिव्यक्ति स्वतन्त्रता, प्रेस स्वतन्त्रता, नागरिकको सूचनाको अधिकार र सार्वजनिक हितलाई सञ्चार प्रणालीको केन्द्रमा राख्नुपर्ने बताउनुभएको छ ।

सार्वजनिक सेवा प्रसारण संस्था नेपाल र सामुदायिक रेडियो प्रसारक सङ्घको आयोजनामा मंगलबारदेखि काठमाडौँमा सुरु भएको 'एसिया प्यासिफिक इन्स्टिच्युट फर ब्रोडकास्टिङ डेभलपमेन्ट' (एआइबिडी) को २४औँ सम्मेलनलाई सम्बोधन गर्नुहुँदै सञ्चारमन्त्री डा तिमिल्सिनाले कृत्रिम बौद्धिकता (एआई), डिजिटल प्लेटफर्म र नयाँ प्रविधिलाई आत्मसात् गर्दै सत्यतथ्यसहित विश्वसनीय समाचारमा जोड दिनुभएको हो ।

उहाँले सञ्चार प्रविधि परिवर्तन भए पनि नागरिकको सूचना पाउने अधिकार, प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताजस्ता आधारभूत मूल्यमान्यता र सिद्धान्त परिवर्तन हुन नहुने धारणा व्यक्त गर्नुभयो ।

उहाँले स्वतन्त्रतासँगै सञ्चार क्षेत्रको जिम्मेवारी पनि जोडिएको उल्लेख गर्दै नागरिकलाई सही, निष्पक्ष, सन्तुलित र जवाफदेही सूचना उपलब्ध गराउनु सञ्चारमाध्यमको प्रमुख दायित्व भएको स्पष्ट गर्नुभयो ।

गलत सूचना र दुष्प्रचारको समाधान प्रतिबन्ध वा नियन्त्रणमा मात्र खोज्न नहुने धारणा व्यक्त गर्नुहुँदै सञ्चारमन्त्रीले बलियो पत्रकारिता, मिडिया साक्षरता, पारदर्शिता, प्रभावकारी व्यावसायिक मापदण्ड र नागरिकको विश्वास अभिवृद्धिलाई उच्चप्राथमिकता दिनुपर्ने बताउनुभयो ।

सङ्कट, प्राकृतिक विपद्, सार्वजनिक स्वास्थ्यलगायतका जनचासोका सन्दर्भमा आमसञ्चारमाध्यामको भूमिका अझ महत्वपूर्ण हुने सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ थियो । त्यस्तो अवस्थामा नागरिकलाई सही सूचना उपलब्ध गराउनुका साथै समाजमा विश्वास र स्थिरता कायम गर्न जिम्मेवार सञ्चार माध्यामले योगदान पुऱ्याउने उहाँले बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले एआई, गलत सूचना र दुष्प्रचार सीमापार फैलिन सक्ने तथा जलवायु परिवर्तन र प्राकृतिक विपद्का प्रभाव पनि बहुदेशीय हुने भएकाले विभिन्न देशका ज्ञान, प्रविधि र अनुभव एकापसमा आदानप्रदान गरी लाभान्वित हुनुपर्नेमा जोड दिनुभयो ।

विश्वभरका सञ्चार माध्यामले वित्तीय दिगोपना, बदलिँदो पाठक, दर्शक तथा श्रोताको व्यवहार र सञ्चार संस्थाप्रतिको घट्दो विश्वासजस्ता चुनौती सामना गरिरहेको उल्लेख गर्नुहुँदै उहाँले सार्वजनिक सेवा प्रसारणका लागि चुनौती अझ गम्भीर रहेको बताउनुभयो । सार्वजनिक सेवा प्रसारणले व्यावसायिक प्रतिस्पर्धासँगै सार्वजनिक हितको जिम्मेवारीसमेत पुरा गर्नुपर्ने भएकाले यसको भूमिका विशिष्ट रहेको उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले एआई, डिजिटल प्लेटफर्म, मोबाइल कनेक्टिभिटी र स्ट्रिमिङ सेवाले सामग्री उत्पादनदेखि वितरण र दर्शकसँगको अन्तर्क्रियासम्म सञ्चारको सम्पूर्ण शृङ्खला परिवर्तन गरिरहेको बताउनुभयो । उहाँले यस्ता परिवर्तनलाई चुनौतीका रूपमा मात्र नभई ठूलो सम्भावनाका रूपमा पनि उपयोग गर्नुपर्ने धारणा राख्नुभयो ।

डिजिटल प्लेटफर्ममार्फत युवा पुस्तासँग जोडिने नयाँ अवसर सिर्जना भएको उल्लेख गर्दै सार्वजनिक हितका सूचना, समाचार, शिक्षा तथा चेतनामूलक सामग्री युवाले प्रयोग गर्ने माध्यममा प्रभावकारी रूपमा पुऱ्याउनुपर्ने उहाँले बताउनुभयो ।

मानवीय सम्पादकीय निर्णय, तथ्य प्रमाणीकरण, जवाफदेहिता र व्यावसायिक नैतिकतालाई आधुनिक प्रविधिले विस्थापित गर्न नसक्ने सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो । एआईले सामग्री तयार गर्न सहयोग गर्न सक्ने भए पनि त्यसको सत्यता, सन्दर्भ, सामाजिक प्रभाव र सार्वजनिक हितको अन्तिम जिम्मेवारी मानवमै रहने उहाँले स्पष्ट गर्नुभयो ।

कृत्रिम रूपमा सिर्जना गरिएका सामग्री र 'डिपफेक' प्रविधिले झुटो सूचनालाई समेत वास्तविकजस्तो देखाउन सक्ने अवस्था सिर्जना भएकाले अहिले सञ्चारमाध्यमका लागि सबैभन्दा महत्वपूर्ण सम्पत्ति नागरिकको विश्वास भएको उहाँले बताउनुभयो । प्रविधिको क्षमता र पत्रकारिताको विश्वसनीयतालाई सँगसँगै अघि बढाउन सक्ने सञ्चार संस्था नै भविष्यमा सफल हुने उहाँको भनाइ थियो ।

नेपाल दक्षिण एसियामा स्वतन्त्र सामुदायिक रेडियो स्थापना गर्ने पहिलो देश भएको र रेडियो सगरमाथाबाट सुरु भएको सामुदायिक रेडियोको यात्रा अहिले देशभर फैलिएको उहाँले बताउनुभयो । सामुदायिक रेडियोले हिमाल, पहाड र तराईका विभिन्न समुदायलाई जोड्नुका साथै सार्वजनिक बहसमा आउन नसकेका नागरिकका आवाजलाई समेत स्थान दिएको सञ्चारमन्त्रीको भनाइ थियो ।

विपद्, सङ्कट र स्वास्थ्य आपत्कालजस्ता समयमा सामुदायिक रेडियोले स्थानीय भाषामा तत्काल र विश्वसनीय सूचना प्रवाह गर्न महत्वपूर्ण भूमिका खेलेको उहाँले बताउनुभयो । भूकम्प, बाढी, पहिरो तथा महामारीलगायतका सङ्कटमा सूचना, जनचेतना तथा उद्धार र राहतसम्बन्धी जानकारी पुऱ्याउन सामुदायिक रेडियो प्रभावकारी माध्यम बनेको उहाँले स्पष्ट गर्नुभयो ।

डिजिटल रूपान्तरणको अर्थ नयाँ प्रविधि प्रयोग गर्नु मात्र नभई विश्वसनीयता, पत्रकारिताको व्यावसायिकता, तथ्य जाँच, सार्वजनिक उत्तरदायित्व र नागरिकको विश्वासलाई बलियो बनाउनु पनि भएको सञ्चारमन्त्री डा तिमिल्सिनाले उल्लेख गर्नुभयो । गलत सूचना, भ्रामक सामग्री र एआईबाट सिर्जित सामग्रीका कारण जोखिम बढिरहेका बेला सार्वजनिक सेवा प्रसारणले आफूलाई नागरिकले सही सूचना विश्वास गर्नसक्ने संस्थाका रूपमा स्थापित गर्नुपर्ने उहाँको भनाइ थियो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले नेपालको सार्वजनिक सेवा प्रसारणलाई नयाँ पुस्तासँग जोड्नुपर्नेमा पनि जोड दिनुहुँदै युवाले प्रयोग गर्ने डिजिटल माध्यममा गुणस्तरीय सामग्री उत्पादन गर्नुका साथै उनीहरूको आवाज, विचार र सिर्जनशीलतालाई सार्वजनिक प्रसारणमा समेट्नुपर्ने धारणा व्यक्त गर्नुभयो । ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिक, सीमान्तकृत समुदाय र विभिन्न भाषाभाषी नागरिकलाई समानरूपमा समेट्नु सार्वजनिक सेवा प्रसारणको महत्वपूर्ण जिम्मेवारी भएको उहाँले बताउनुभयो ।

# मधेस प्रदेशमा महिला उद्योगी/व्यवसायीको संख्या बढ्दै

जनकपुरधाम, ९ भदौ (रासस) ।
धनुषाधाम नगरपालिका-४ अम्बिका श्रेष्ठ यतिबेला गाउँ नजिकैको चौकमा जेनरल स्टोर्स सञ्चालन गरिहरनुभएको छ ।

गत वर्षको असोजमा घरेलु तथा साना उद्योग कार्यालय धनुषामा जेनरल स्टोर्स दर्ता गराउनुभएकी उहाँ यतिबेला असल गृहिणीसँगै सफल व्यापारी बन्ने अभियानमा हुनुहुन्छ ।

प्रारम्भमा श्रीमान्‌लाई सञ्चालक बनाएर जेनरल स्टोर्स दर्ता गराउने सोच बनाउनुभएकी श्रेष्ठले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा जेनरल स्टोर्स दर्ता गराउनुभयो ।

विगत घरकै काममा मात्र सीमित धनुषाकै सहिद नगरपालिका-५ की सुनिता साह यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर यदुकाहा बजारमा व्यवसायी गर्दै आउनुभएको छ ।

सुनिता र अम्बिका मात्रै होइनन्, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई सहुलियत दिएपछि मधेस प्रदेशका जिल्लामा महिला उद्योगी व्यवसायीको सङ्ख्या बढ्दै गएको छ ।

कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको मधेस प्रदेशमा केही समय यता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग व्यापार दर्ता गराउने क्रम बढेको हो । सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीको दर्तामा ३५ प्रतिशत मात्र दस्तुत लाग्ने व्यवस्था गरेपछि महिलालाई सञ्चालक बनाएर उद्योग व्यापार दर्त्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय धनुषाका प्रमुख सन्तोषकुमार साहले बताउनुभयो ।

हाल दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग व्यापार दर्ता हुने गरेकोमा करिब ७० प्रतिशत उद्योग व्यापार व्यवसाय महिलाकै नाममा दर्ता हुने गरेको प्रमुख साहको भनाइ छ ।

महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ, ब्युटी पार्लर रहेका छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालन बढी रहेको छ । मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयको अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशका आठवटै जिल्लाका चार हजार ८७८ महिलाले रोजगारी पाएका छन् । त्यसमध्ये सबैभन्दा बढी बारामा एक हजार ४७३, पर्सामा एक हजार २२७, रौतहटमा ३८५, सर्लाहीमा ५७५, महोत्तरीमा ३७५, सप्तरीमा ३६३, धनुषामा ३४४ र सिरहामा १३६ जना महिलाले रोजगारी पाएको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले जानकारी दिनुभयो ।

उहाँका अनुसार गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ । सो अवधिमा पर्सामा एक हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६,

बाँकी अन्तिम पृष्ठमा

## विश्व समाचार

### तीन पत्रकारलाई हिरासतमा राख्न आदेश

ढाका, ९ भदौ (रासस/एपी) ।
बङ्गलादेशको विशेष न्यायाधिकरणले सन् २०२४ को विद्यार्थी आन्दोलनसँग सम्बन्धित मानवताविरुद्धको अपराध मुद्दामा तीन पत्रकारलाई मुद्दाको टुङ्गो नलागेसम्म हिरासतमा राख्न आदेश दिएको छ । उहाँहरूको पक्राउ र जमानत अस्वीकारप्रति अन्तर्राष्ट्रिय मानव अधिकार तथा प्रेस स्वतन्त्रता संस्थाले आपत्ति जनाउँदै आरोप फिर्ता लिन आग्रह गरेका छन् ।

न्यायाधिकरणले एकट्टोर टेलिभिजनका प्रधान सम्पादक मोजाम्मेल बाबु, प्रमुख संवाददाता फरजाना रूपा तथा दैनिक भोरेर कागोजका सम्पादक एवं नेसनल प्रेस क्लबका पूर्व महासचिव श्यामल दत्तलाई हिरासतमा राख्न आदेश दिएको हो । उहाँहरू सोमबार न्यायाधिकरणमा उपस्थित हुनुभएको थियो । न्यायाधीशले अर्को सुनुवाइ अक्टोबर २५ का लागि तोक्दै अनुसन्धान प्रतिवेदन पेस गर्न निर्देशन दिएका छन् ।

अभियोजन पक्षले तीनै पत्रकारले विद्यार्थी प्रदर्शनकारीमाथि दमन गर्न तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई उक्साएको आरोप लगाएको छ । अभियोजनकर्ताका अनुसार उहाँहरूले जुलाई १४, २०२४ मा पत्रकार सम्मेलनमा हसिनालाई प्रदर्शनकारीबारे उत्तेजक प्रश्न सोध्नुभएको थियो । त्यसपछि उहाँले प्रदर्शनकारीप्रति आपत्तिजनक टिप्पणी गर्नुभएको र आन्दोलनमाथि रक्तपातपूर्ण दमन सुरु भएको अभियोजन पक्षको दाबी छ ।

सन् २०२४ को जुलाई-अगस्टमा भएको आन्दोलनमा सयौँ मानिस मारिएका थिए । आन्दोलनको दबाबपछि हसिना अगस्ट ५, २०२४ मा भारत भाग्नुभएको थियो । उहाँमाथि मानवताविरुद्धको अपराधको आरोपमा अनुपस्थितिमै मुद्दा चलाइएको र मृत्युदण्डको फैसला सुनाइएको छ ।

हसिनाको बहिर्गमनपछि नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले तीनै पत्रकारलाई पक्राउ गरेको थियो । पत्रकारहरूविरुद्ध आन्दोलनका क्रममा भएको हत्यासहित विभिन्न आरोपमा मुद्दा चलिरहेको छ । उहाँहरूका परिवारले गैरकानूनी रूपमा हिरासतमा राखिएको दाबी गरेका छन् । कमिटी टु प्रोटेक्ट जर्नालिस्ट्स (सिपिजे) का एसिया-प्रशान्त कार्यक्रम संयोजक कुणाल मजुमदारले पत्रकार सम्मेलनमा प्रश्न सोधेकै आधारमा मानवताविरुद्धको अपराधको मुद्दा चलाउनु गम्भीर चिन्ताको विषय भएको बताउनुभयो ।

उहाँले सम्पादकीय निर्णय विवादास्पद हुन सक्ने भए पनि त्यसलाई अपराधीकरण गर्न नमिल्ने भन्दै तीनै पत्रकारलाई तत्काल रिहा गरी आरोप खारेज गर्न आग्रह गर्नुभयो । यसैबीच, भारतमा रहनुभएकी हसिनाले आगामी डिसेम्बरमा बङ्गलादेश फर्कने बताउनुभएको छ । बङ्गलादेश सरकारले भारतसँग उहाँलाई सुपुर्दगी गर्न आग्रह गरे पनि भारतले उक्त आग्रह अस्वीकार गरेको छ ।

### इरानमाथि अमेरिकाको थप प्रतिबन्ध

वासिङ्टन, ९ भदौ (रासस/एएनआई) ।
संयुक्त राज्य अमेरिकाले इरानको सैन्य गतिविधि, खरिद सञ्जाल तथा तेल र पेट्रोकेमिकल व्यापारसँग सम्बन्धित करिब ६० संस्था, व्यक्ति र पानीजहाजमाथि प्रतिबन्ध लगाएको छ । अमेरिकी विदेश मन्त्रालयका अनुसार प्रतिबन्धको उद्देश्य इरानी शासनका आम्दानीका स्रोत रोक्नु तथा अमेरिकी सेना र सहयोगीमाथि आक्रमण गर्न सहयोग गर्ने सञ्जाल कमजोर पार्नु हो ।

'अपरेसन इकोनोमिक आउटकास्ट' अन्तर्गत लगाइएको प्रतिबन्धले इरानको पेट्रोलियम आम्दानी र परम्परागत हतियारको प्रसारसँग सम्बन्धित गतिविधिलाई लक्षित गरेको मन्त्रालयले जनाएको छ । प्रतिबन्ध कार्यकारी आदेश १३८४६ र १३९४९ अन्तर्गत लगाइएको हो ।

अमेरिकाले इरानी सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा 'डेडेनगर स्टार्टअप स्टुडियो' लाई पनि प्रतिबन्ध लगाएको छ । उक्त कम्पनीले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानी सैन्य लक्ष्य पहिचान तथा युद्ध क्षतिको मूल्याङ्कनका लागि चिनियाँ व्यावसायिक स्याटेलाइट तस्बिर प्रयोग गरेको अमेरिकी दाबी छ । त्यस्तै, इरानी इस्लामिक रिभोलुसनरी गार्ड कर्प्स (आइआरजिसी) साइबर-इलेक्ट्रोनिक कमाण्डलाई अमेरिकी सैन्य सम्पत्तिसम्बन्धी सूचना प्राप्त गरेको आरोपमा प्रतिबन्ध लगाइएको छ ।

प्रतिबन्धको सूचीमा आइआरजिसीका कमान्डर-इन-चिफ अहमद वाहिदी पनि पर्नुभएको छ । अमेरिकी विदेश मन्त्रालयले उहाँले 'अपरेसन एपिक फ्युरी' का क्रममा इरानको सैन्य निर्णयमा महत्वपूर्ण भूमिका खेलेको आरोप लगाएको छ । 'रिवार्ड फर जस्टिस' कार्यक्रमअन्तर्गत वाहिदी र आइआरजिसीका वरिष्ठ नेता अली अब्दुल्लाहीबारे सूचना दिनेलाई एक करोड अमेरिकी डलरसम्म पुरस्कार दिने घोषणा गरिएको छ । अमेरिकी कदमले इरानको तेल ढुवानी गर्ने 'डार्क फ्लीट' तथा पेट्रोलियम, पेट्रोलियम उत्पादन र पेट्रोकेमिकलको बिक्री तथा ढुवानीमा संलग्न अन्तर्राष्ट्रिय मध्यस्थलाई समेत समेटेको छ । मन्त्रालयले यस्ता सञ्जालले पहिचान लुकाएर भ्रामक ढुवानी गतिविधि गर्ने आरोप लगाएको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले यसअघि घोषणा गर्नुभएको 'अपरेसन इकोनोमिक आउटकास्ट' ले विश्वभर इरानका वित्तीय सम्बन्ध तोड्ने र इरानी शासनका आर्थिक स्रोत बन्द गर्ने लक्ष्य राखेको छ । उहाँले इरानले विश्वव्यापी अलगाव रोज्ने वा अन्तर्राष्ट्रिय अर्थतन्त्रमा पुनः सहभागी हुने बाटो अपनाउनेमध्ये एक छनोट गर्नुपर्ने बताउनुभएको छ । पछिल्लो प्रतिबन्धसँगै इरानको तेल निर्यात, सैन्य खरिद र अन्तर्राष्ट्रिय वित्तीय सञ्जालमाथि अमेरिकी दबाब थप बढेको छ ।

# घरेलु श्रमिकलाई सुरक्षित बनाउन सरकार प्रतिबद्ध छ : मन्त्री यादव

काठमाडौं, ९ भदौ (रासस) ।

युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले घरेलु श्रमिकलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

प्रतिनिधिसभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको मंगलबारको बैठकमा उहाँले विद्यमान श्रम ऐन संशोधन गरेपछि धेरै श्रमिकका समस्या सम्बोधन हुने विश्वास व्यक्त गर्नुभयो । उहाँले विदेशी मात्रै होइन, देशभित्र कार्यरत घरेलु श्रमिकको समेत अवस्था जोखिमपूर्ण भएकाले यसलाई व्यवस्थापन गरिने बताउनुभयो ।

समितिको बैठकमा 'आउटसोर्सिङ' का माध्यमबाट गरिने श्रमिक व्यवस्थापनका सम्बन्धमा सरोकारवालाहरूसँग छलफल' गरिएको थियो । सभापति रहबर अन्सारीले श्रमिकको अधिकार र श्रम आउटसोर्सिङको विकृति हटाउन समिति संवेदनशील रहेको सुनाउनुभयो । उहाँले सार्वजनिक तथा निजी दुवै क्षेत्रमा खरिद ऐनको सहारा लिएर श्रम 'आउटसोर्सिङ' गर्ने र श्रमिकको अधिकार खोस्ने प्रवृत्तिप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो । साथै उहाँले कुनै पनि निकायले श्रम 'आउटसोर्सिङ' का नाममा श्रमिकप्रतिको आफ्नो जिम्मेवारीबाट पन्छिन नपाउने बताउनुभयो ।

बैठकमा सांसद क्षीतिज थेवेले वैदेशिक रोजगारमा गएका घरेलु कामदारको स्थिति नाजुक बन्दै गएकाले समितिले एक पटक कतार, कुवेत, युएइलगायत देशमा अवस्था अनुगमन गर्नुपर्ने प्रस्ताव राख्नुभयो । प्रत्यक्ष अवलोकन गरेर समस्या पत्ता लगाइ समाधान निकाल्न सहज हुने उहाँको धारणा छ ।

सांसद रञ्जु न्यौपानेले 'आउटसोर्सिङ' कम्पनीमा काम गर्ने श्रमिकमाथि भइरहेको श्रम शोषण हटाउनुपर्ने बताउनुभयो । उहाँले तथ्याङ्क सङ्कलन गरी अध्ययन प्रतिवेदन तयार गर्न विज्ञ समिति गठन गर्न समितिलाई सुझाव दिनुभयो । उहाँले श्रम ऐनमा श्रमिकको अधिकारलाई केन्द्रमा राखेर मस्यौदा तयार गर्नुपर्नेमा जोड दिनुभयो ।

सांसद प्रकाशसिंह कार्कीले घरेलु श्रमिकको पारिश्रमिकसँगै कार्यस्थगत सुरक्षाको राज्यले संरक्षण गर्नुपर्ने बताउनुभयो । सांसद सोम शर्माले श्रमिकको पक्षमा कानुन निर्माण गर्ने र कम्पनीलाई जवाफदेही बनाउने नीति ल्याउन जोड दिनुभयो ।

सांसद मातृकाप्रसाद यादव, बुद्धिप्रसाद पन्त, अरविन्द साह, कालीबहादुर सहकारी, सिर्जना श्रेष्ठलगायत श्रमिकको अधिकार संरक्षणका पक्षमा धारणा राख्नुभएको थियो ।

# मधेस प्रदेशमा गत आवमा ८ सय २१ उद्योग बन्द

जनकपुरधाम, ९ भदौ (रासस) ।

आर्थिक मन्दीलगायतका कारणले मधेस प्रदेशमा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग र वाणिज्यतर्फका एक हजार ९३८उद्योग व्यापार बन्द भएका छन् ।

मधेस प्रदेश सरकार उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार गत आव २०८२/८३ मा उद्योगतर्फ ८२१ र वाणिज्यतर्फका एक हजार ११७ गरी एक हजार ९३८उद्योग व्यवसायको लगत कट्टा भएका छन् ।

गत आर्थिक वर्ष २०८२/८३ मा मधेस प्रदेशमा पाँच हजार ६८ वटा नयाँ उद्योग दर्ता भएको छ । सो अवधिमा पर्सामा एक हजार १०१ वटा, धनुषामा ७७७ वटा, बारामा ६३९ वटा, सर्लाहीमा ६३६ वटा, सिरहामा ५५४ वटा, रौतहटमा ५३३ वटा, महोत्तरीमा ५१४ वटा र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएको मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोले बताउनुभयो । गत आव २०८२/८३ मा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ ।

सूचना अधिकारी महतोका अनुसार गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ वटा र साझेदारी फर्म १८ नयाँ दर्ता हुदाँ ११ हजार १४४ नवीकरण भएको छ ।

नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको सूचना अधिकारी महतोले बताउनुभयो । विश्वव्यापी रुपमा देखिएको आर्थिक तरलता, बैंक तथा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभाव तथा स्थानीय तहमा पनि उद्योग दर्ता गराउने क्रम बढ्नुलगायतका कारणले उद्योगहरूको लगत कट्टा हुने सङ्ख्या बढेको सूचना अधिकारी महतोको भनाइ छ ।

# चिनी मिल अध्ययन कार्यदलबाट स्थलगत अध्ययन

पर्सा, ९ भदौ (रासस) ।

सरकारले गठन गरेको वीरगञ्जस्थित चिनी मिल कारखाना अध्ययन कार्यदलले चिनी मिल क्षेत्रको स्थलगत अध्ययन गरेको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सिनियर डिभिजन इञ्जिनियर (सिडिई) श्रीकान्त यादवको संयोजकत्वको कार्यदलले पिपरास्थित मिलको स्थलगत अनुगमन गरेको थियो ।

त्यस अवसरमा कारखाना भवनसहितका भौतिक संरचना, मेसिनरी तथा पार्टपुर्जाको वर्तमान अवस्था र उपयोगको सम्भावनाबारे अध्ययन गरेको कार्यदलका संयोजक यादवले बताउनुभयो । सरकारले यही भदौ १ गते उक्त कारखाना पुनःसञ्चालनको सम्भाव्यता अध्ययन गर्न यादवको संयोजकत्वमा आपूर्ति मन्त्रालयका शाखा अधिकृत ज्योति पौडेल र मन्त्रालयका सल्लाहकार श्याम शर्मा सदस्य रहेको कार्यदल गठन गरेको थियो ।

कार्यदलले १५ दिनभित्र कारखानाको वर्तमान अवस्था अध्ययन गरी पुनःसञ्चालनको सम्भाव्यता र आवश्यक कार्ययोजना तयार गरी सरकारलाई सुझावसहितको प्रतिवेदन दिनेछ ।

# पहिचान र अधिकार नपाएको हरवाचरवा समुदायको गुनासो

जनकपुरधाम, ९ भदौ (रासस) ।

हरवाचरवा समुदायले सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेको चार वर्ष बितिसक्दा पनि वास्तविक पहिचान र मुक्ति अझै सुनिश्चित हुन नसकेको गुनासो गरेका छन् ।

कानुनी रूपमा मुक्ति घोषणा भए पनि आफू अझै पहिचान, भूमि अधिकार, सामाजिक सुरक्षा, सम्मानजनक रोजगारी, आवास तथा आर्थिक पुनःस्थापनाबाट वञ्चित रहनुपरेको भनी उनीहरुले मधेस प्रदेश सरकारको ध्यानाकर्षण गराएका हुन् ।

आफूहरुको वास्तविक पहिचान र प्रमाणीकरण नगरी सरकारले ल्याएका नीति तथा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्ने भन्दै उनीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मूलगेटमा धर्ना दिए ।

धर्नामा सहभागीले 'हरवाचरवाको लगत सङ्कलन, प्रमाणीकरण तथा परिचयपत्र वितरण निर्देशिका २०८०' तत्काल राजपत्रमा प्रकाशित गरी कार्यान्वयन गर्न माग गरे ।

उनीहरुले तथ्याङ्क सङ्कलन, प्रमाणीकरण र परिचयपत्र वितरण प्रक्रियालाई तीव्रता दिन पनि सरकारको ध्यानाकर्षण गराएका छन् । मधेस प्रदेशका आठ वटै जिल्लामा स्थानीय तहसँग समन्वय गरी हरवाचरवाको लगत सङ्कलन तत्काल सुरु गर्न तथा भूमिहिनको जबरजस्ती विस्थापन रोक्दै भूमि वितरण र पुनःस्थापनाको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरिएको छ ।

मुक्त हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले समुदायको समस्या समाधानका लागि सरकारसँग माग गरिए पनि आवाज सम्बोधन नभएको गुनासो गर्नुभयो । प्रदेश सरकारले आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रममा हरवाचरवा समुदायलाई पूर्णरूपमा मुक्त गर्दै भूमिमाथिको अधिकार, सामाजिक सुरक्षा, आर्थिक पुनःस्थापना तथा कृषि व्यवसायमा सम्मानजनक पहुँच सुनिश्चित गर्ने प्रतिबद्धता जनाएको छ ।

कृषि क्षेत्रमा पुस्तौंदेखि बाध्यकारी श्रम गर्दै आएका उक्त समुदायका अधिकांश परिवार अझै ऋणको नाममा न्यून वा विना ज्यालामा श्रम गर्न बाध्य रहेको मुक्त हरवाचरवा अधिकार मञ्चका अध्यक्ष दशरथ मण्डलले बताउनुभयो । उहाँले आफ्नो समुदायलाई प्रभावकारी पुनःस्थापना र जीविकोपार्जनका कार्यक्रम आवश्यक रहेको बताउनुभयो । अध्यक्ष मण्डलका अनुसार नेपालमा हरवाचरवाको सङ्ख्या एक लाखभन्दा बढी रहेको अनुमान छ ।

उक्त समुदाय अझै भूमिहिन, नागरिकताविहीन तथा आधारभूत सेवाबाट मात्र नभई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा तथा सरकारी सेवामा समान पहुँच प्राप्तबाट बञ्चित हुनु परेको उनीहरुको भनाइ छ । द फ्रिडम फाउण्डेशनका कानुन सल्लाहकार बलराम भट्टराईले असुरक्षित बसोबास, न्यून ज्याला, श्रम स्वतन्त्रताको अभाव, न्यायमा कमजोर पहुँच तथा राजनीतिक प्रभावका कारण हुने शोषण त्यस समुदायका मुख्य समस्या रहेको बताउनुभयो ।

विसं २०७९ साउन २ गते तत्कालीन सरकारले हरवाचरवा मुक्तिको घोषणा गरेको थियो । उहाँले उक्त समुदायको पहिचान र प्रमाणीकरण गरी वास्तविक तथ्याङ्क तयार गर्न, परिचयपत्र वितरण गर्न तथा भूमि, आवास र जीविकोपार्जनसँग जोडिएका पुनःस्थापनाका कार्यक्रम प्रभावकारी कार्यान्वयन गर्न सरकारको ध्यानाकर्षण गराउनुभएको छ ।

# मनसुनयता सरदरभन्दा कम वर्षा

काठमाडौं, ९ भदौ (रासस) ।

यस वर्ष मनसुन प्रवेश गरेयता ६० दिनको अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

विभागअन्तर्गत हावा पानी विश्लेषण शाखाका इन्जार्ज सुजन सुवेदीले असार ५ देखि भदौ १ गतेसम्म देशभर मापन गरिएको कुल वर्षा ७४६ दशमलव ८ मिलिमिटर रहेको जानकारी दिनुभयो । सो अवधिमा सामान्यतया ८३० दशमलव ६ मिलिमिटर वर्षा हुने गरेकोमा यस वर्ष सरदरको ८९ दशमलव ९ प्रतिशत मात्र वर्षा भएको उहाँले जानकारी दिनुभयो ।

यसअनुसार मनसुनको उक्त अवधिमा सरदरभन्दा ८३ दशमलव ८ मिलिमिटर कम वर्षा भएको देखिन्छ । "यस वर्षको मनसुन अवधिमा वर्षाको मात्रा सरदरभन्दा कम देखिए पनि वर्षाको वितरण र स्थानअनुसारको अवस्थालाई समेत विश्लेषण गर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो ।

सुवेदीले मनसुन नेपालको सबैभन्दा संवेदनशील मौसम प्रणाली भएको उल्लेख गर्दै वार्षिक वर्षाको करिब ८० प्रतिशत हिस्सा मनसुन अवधिमै हुने जानकारी दिनुभयो ।

जल तथा मौसम विज्ञान विभागले यस मनसुन अवधिमा नेपालमा सरदरभन्दा कम वर्षा हुने र तापक्रम बढ्ने प्रक्षेपण गरेको थियो । विभागका प्रक्षेपणअनुसार यस वर्ष कर्णाली प्रदेशका दक्षिणी भू-भाग, लुम्बिनी प्रदेशका अधिकांश क्षेत्र, मधेश प्रदेशका पूर्वी भू-भाग तथा कोशी प्रदेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको छ । सुदूरपश्चिम प्रदेशका अधिकांश भू-भाग, मधेस प्रदेशका पश्चिमी भू-भाग तथा कोशी प्रदेशका मध्य भू-भागमा सरदरभन्दा कम वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत रहेको विभागले जनाएको छ ।

कर्णाली र कोशी प्रदेशका उत्तरी भू-भागमा भने सरदर वर्षा हुने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको बताइएको छ । बाँकी अधिकांश क्षेत्रमा सरदरभन्दा कम वर्षाको सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागको आँकलन छ । अधिकतम तापक्रमतर्फ सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी, बागमती, मधेस र कोशी प्रदेशका विभिन्न भू-भागमा सरदरभन्दा बढी तापक्रम रहने सम्भावना ५५ देखि ६५ प्रतिशत रहेको विभागले जनाएको छ ।

न्यूनतम तापक्रम देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको विभागको निष्कर्ष छ । विशेषगरी सुदूरपश्चिम, कर्णाली, बागमती, मधेस र कोशी प्रदेशका केही क्षेत्रमा न्यूनतम तापक्रम सरदरभन्दा बढी रहने सम्भावना ५५ देखि ६५ प्रतिशतसम्म रहेको बताइएको छ ।

### *मधेस प्रदेशमा ...*

सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ वटा नयाँ उद्योग दर्ता भएकोछ । गत आव २०८२/८३ मा यस प्रदेशमा सात हजार ५४० वटा उद्योगको नवीकरण भएको छ ।

गत आव २०८२/८३ मा वाणिज्यतर्फ प्राइभेट फर्म छ हजार १२२ र साझेदारी फर्म १८ वटा नयाँ दर्ता हुँदा ११ हजार १४४ वटा नवीकरण भएको छ । नयाँ उद्योग तथा वाणिज्य दर्ता, नवीकरणलगायत शीर्षकबाट रु पाँच करोड २६ लाख ४९ हजार ५६२ राजस्व सङ्कलन भएको छ ।

सरकारले महिलाको नाममा दर्ता हुने उद्योग व्यवसायलाई दस्तुतमा छुट दिनु, स्थानीय प्रशासनले उद्योग व्यवसायी दर्ताका लागि कडाई गर्नु र बैंक तथा बित्तिय संस्थाहरुबाट उद्योग व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय वीरगञ्जका प्रमुख पवन पजियारको भनाइ छ ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घका पूर्वउपाध्यक्ष अम्बू साहले भन्नुभयो, "पछिल्लो समय महिलाई उद्योग व्यापारको मालिका बनाउन थालिएको छ, यो सकारात्मक कुरा हो ।" उद्योग व्यवसाय सञ्चालनमा महिलाको सहभागिता बढ्दै जाँदा महिलालाई सशक्तीकरणका माध्यमबाट समाज रुपान्तरणमा योगदान पुगेको उहाँको भनाइ छ ।

### *युवाको उत्साह ...*

नेतृत्वले राजनीतिक संस्कार स्वीकार गरोस् । तीव्र सुधारका दिशामा अघि बढोस् । नेपाली जनताले करिब दुई तिहाइको वर्तमान सरकारलाई केवल एउटा अर्को सरकारका रूपमा हेरेका छैनन्, परिवर्तनको आशाको प्रतिनिधिका रूपमा हेरेका छन् । इतिहासले वर्तमान सरकारलाई विशेष जिम्मेवारीसहित ऐतिहासिक अवसर प्रदान गरेको छ । अपारजनताको समर्थनसहित युवाले नेतृत्व गरेको वर्तमान सरकारका बीच मुलुकमा व्याप्त भ्रष्टाचार, विकृति-विसङ्गति र ढिलासुस्तिको अन्त्य गर्दै सुशासन, समृद्धि, दिगो विकास गर्ने चुनौती रहेको देखिन्छ । निर्वाचनका क्रममा जनतामाझ पुग्ने र सरकार निर्माण गर्नेक्रममा वाचा गरिएअनुसार त्यसकिसिमका चुनौतीको सामना गर्न वर्तमान सफल हुने विश्वास गरिएको छ ।

### *महिला प्रहरीमाथि ...*

जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाका अनुसार मंगलबार बानेश्वर चोकमा ड्युटीमा खटिएकी महिला प्रहरी जवानले जथाभावी बाटो नकाटी आकाशेपुल प्रयोग गर्न अनुरोध गर्दा कठायतले उनीमाथि हातपात गरेका थिए ।

"कठायतले महिला प्रहरीमाथि हातपात गरेकाले नियन्त्रणमा लिएका छौं, घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान तथा सोधपुछ भइरहेको छ", प्रवक्ता थापाले भन्नुभयो ।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*